annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३० पृष्ठ १० | काठमाडौं, शुक्रबार १६ जेठ २०८२ | जेष्ठ शुक्लपक्ष … ११४५ | FRIDAY, MAY 30, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




कभर स्टोरी

# व्यावहारिक बजेट

सरकारसँग स्रोतको दबाब छ। त्यसैकारण १९ खर्ब ६४ अर्ब ११ करोडको मात्रै बजेट प्रस्तुत गरेको छ। जुन, राष्ट्रिय योजना आयोगको सिलिङभन्दा थोरै मात्र बढी छ। अर्कोतिर, स्रोतको दबाबकै कारण कर्मचारीको तलब बढाउन नसकिएको अर्थमन्त्री पौडेलले बजेट भाषणमै उल्लेख गरे। त्यति हुँदा पनि लगानी र व्यवसायीमैत्री बजेट प्रस्तुत भएको विज्ञहरूले बताएका छन्। जसकारण मुलुकको थलिएको अर्थतन्त्र चलायमान भएर उद्योग-व्यवसायमैत्री वातावरण बन्न सके बजेट सफल हुने विज्ञहरूको भनाइ छ।

**ममता थापा** | *काठमाडौं*

**– को रिपोर्ट**




## मन्त्रालयगत बजेट

(रु.लाखमा)

| | |
|---|---|
| शिक्षा, विज्ञान/ प्रविधि | २,१११,६६९ |
| गृह मन्त्रालय | २,०८६,२४४ |
| भौतिक पूर्वाधार | १,५१९,९५३ |
| आवास र सहरी पूर्वाधार | १,१८३,४४४ |
| स्वास्थ्य तथा जनसंख्या | ९५८,०७४ |
| ऊर्जा, जलस्रोत | ८६०,०८८ |
| रक्षा | ६२०,१२१ |
| कृषि तथा पशुपन्छी | ५७४,७९४ |
| अर्थ | ४९९,०२६ |
| खानेपानी | ३३८,९४९ |
| वन तथा वातावरण | १८६,१२८ |
| संस्कृति, पर्यटन | १३२,७९८ |
| संघीय मामिला | ११८,८७७ |
| उद्योग, वाणिज्य | १०१,३८१ |
| परराष्ट्र | ७८,४८१ |
| सञ्चार | ७७,१९९ |
| भूमि व्यवस्था | ७४,९३६ |
| युवा तथा खेलकुद | ६०,७७४ |
| श्रम, रोजगार | ४२,८४८ |
| महिला, बालबालिका | २०,८०९ |
| कानुन न्याय | ५,३५६ |

विस्तृत पृष्ठ २

# कर्मचारीको तलब बढेन, महँगी भत्ता थप ३ हजार

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

- ५ लाख परिवारलाई लालपुर्जा
- १०० स्थानीय तहमा भूमि बैंक
- सञ्चयकर्ताका परिवारका अन्य सदस्यलाई पनि उपचार सुविधा
- अब निजामती, सुरक्षाकर्मी र शिक्षक कर्मचारीका लागि सहुलियतमा अपार्टमेन्ट
- मतदाता परिचयपत्रलाई राष्ट्रिय परिचयपत्रसँग आबद्ध
- अनुदानको अधिकतम सीमा लागतको ५० प्रतिशतसम्म कायम

हरेक तीन वर्षमा महँगीको आधारमा तलब बढाउनुपर्ने व्यवस्था छ। तर, यसपटक पनि बजेटमा तलब नबढेपछि राष्ट्रसेवक कर्मचारी निराश भएका छन्। अर्थमन्त्री विष्णु पौडेलले बिहीबार संसदमा प्रस्तुत गरेको आर्थिक वर्ष २०८२/८३ को बजेटमा स्रोत अभावका कारण कर्मचारीको तलब बढाउन नसकिएको बताए।

'राष्ट्रसेवकहरूको सेवा सुविधा समय सापेक्ष बनाउनुपर्ने आवश्यकता बोध भए तापनि स्रोत व्यवस्थापनमा परेको दबाबले गर्दा अपेक्षाअनुरूप तलब वृद्धि गर्न सम्भव भएन,' प्रस्तुत बजेटमा उल्लेख छ। सबै राष्ट्रसेवकहरूका लागि २०८२ साउन १ गतेदेखि लागू हुने गरी महँगी भत्ता वृद्धि गरी मासिक ५ हजार पुर्‍याइएको छ। विगतमा २ हजार महँगी भत्ता पाउँदै आएका थिए।

कर्मचारीको आधिकारिक ट्रेड युनियनका पूर्वअध्यक्ष भोलानाथ पोखरेलले प्रधानमन्त्री र अर्थमन्त्री कर्मचारी मैत्री हुँदा पनि बजेटमा विभेद गरिएको भन्दै दुःख प्रकट गरे।

कर्मचारीको मनोबल बढाउन, उत्पादशील बनाउन, भ्रष्टाचार शून्य सहनशीलताको नीति लागू पनि कर्मचारीलाई प्रोत्साहित गर्नुपर्ने उनको भनाइ छ।

राज्यकोषबाट सुविधा प्राप्त गर्ने प्रतिष्ठान, बोर्ड, समिति तथा सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीको तलब तथा सेवा सुविधाको पुनरावलोकन गरी एकरूपता ल्याइने कुरा पनि बजेटमा समेटिएको छ।

यसका लागि तीन महिनाभित्र सुझावसहितको प्रतिवेदन पेस गर्न सिफारिस समिति गठन गरेन भएको छ। पोखरेल अब यही सुझावको आधारमा सर्वोच्चको अदालतको आदेशका कार्यान्वयन गर्दै कर्मचारी तलब समायोजन गर्नुपर्ने बताउँछन्।

» बाँकी पृष्ठ ५

# करका दरमा केहीमा छुट, केही हेरफेर

**काठमाडौं** | *अन्नपूर्ण*

सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत करका दरमा छुट र हेरफेर गरेको छ।

सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोष र कर्मचारी सञ्चय कोषमा अर्को स्वीकृत अवकाश कोषमा हस्तान्तरण गर्दा अग्रिम करकट्टी नलाग्ने, सामुदायिक अस्पताल, स्वास्थ्य संस्था, यातायातसँग सम्बन्धित गैरसरकारी संस्थाले आगामी वर्षभित्र कर तिर्दा सबै जरिबाना छुट हुने व्यवस्था आर्थिक विधेयकले गरेको छ। ढुवानी सेवा प्रदायक व्यवसायीलाई गाडी भाडामा लिँदा प्यान बिल लिएको छैन भने पनि खर्च कट्टी गर्न पाउने व्यवस्था गरेको छ।

**यी हुन् करका छुट तथा परिवर्तन**

- डिजिटल माध्यमबाट भुक्तानी गर्दा भ्याटको १० प्रतिशत तत्काल फिर्ता हुने
- विदेशमा काम गरी भित्र्याउने पैसामा ६.२५ प्रतिशत मात्र कर लाग्ने
- आगामी आवदेखि १० करोडसम्मको कारोबार गर्ने स्टार्टअपलाई ५ वर्षसम्म आयकर छुट
- तरकारी भन्सारमा तिरेको अग्रिम आयकर खारेज
- सुन तथा सुनका गहनामा २ प्रतिशत विलासिता कर
- शाखा वा गोदाम प्रमाणित नगरी कारोबार गर्दा हरेक पटक १० हजार जरिबाना लाग्ने व्यवस्था

» बाँकी पृष्ठ ५



Drive Green, Breathe Clean

ANNAPURNA MEDIA NETWORK | UNITY FOR SUSTAINABILITY

REGISTER NOW

14 JUNE SAT | 8 AM | BHRIKUTIMANDAP

SCAN FOR FREE REGISTRATION

For More Info: +977 980-1763342 | 01-4112031 (Ext - 3728) or ufs.amn@gmail.com

Food Stall राख्न चाहानुहुने महानुभावहरुले निम्न नं. मा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।

सम्पर्क : ९८०१०३७३९७